# निजगढ नगरपालिका कार्यालय

निजगढ,बारा

## सिलवन्दी दरभाऊ पत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७२।८।८ गते

यस कार्यालयलाई आ.ब. २०७२।२०७३ मा निम्न कार्यहरु सिलवन्दी दरभाऊ पत्रवाट खरिद गर्नु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रहि रितपुर्वकको नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक फर्म, व्यवसायीहरुवाट सिलवन्दी दरभाऊ पत्र खरिद गर्न यो सुचना आव्हान गरिन्छ ।

तपसिल

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र वा मिति २०७२।८।२२ गते कार्यालय समय भित्र सम्वन्धित कारोवार गर्न इजाजत प्राप्त प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, मुल्यअभिबृद्धि कर दर्ताको प्रमाणित प्रतिलिपी र आ.ब.२०७१।२०७२ को कर चुक्ता पत्र संलग्न राखी यस कार्यालय, निजगढ बारावाट फिर्ता नहुने गरी नगदै रु ३००।- तिनसय मात्र बुझाई अलग कामको अलग सिलवन्दी दरभाऊ पत्र खरीद गर्न सकिनेछ ।

२. फर्मले सिलवन्दी दररेट पेश गर्दा खाम वाहिर आफनो फर्मको नामथर, बतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा मिति २०७२।८।२३ गते दिनको १२ बजे भित्र दर्ता गरी सक्नू पर्नेछ । दर्ता भएका सिलवन्दी दररेट पत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी दररेट खोल्न बाधा पुग्नेछैन । कारणवश सिलवन्दी दररेट पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. धरौटी वापतको रकम श्री निजगढ नगरपालिका कार्यालय, निजगढको चल्ती खाता नं. ०१००-०३०३२१ श्री कृषि विकास बैंक, निजगढ बारामा नगदै वा मान्यता प्राप्त वाणिज्य बैंकको कम्तीमा ७५ दिनको बैंक जमानत सिलवन्दी दरभाऊ पत्र साथ पेश गर्नुपर्नेछ ।

४. सिलवन्दी दरभाऊपत्रमा दररेट उल्लेख गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर उल्लेख गर्नू पर्नेछ । दररेट उल्लेख गर्दा अनिवार्यरुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख हुनु पर्नेछ । अंक स्पष्ट नभएमा अक्षरमा खूलाइएको दररेटलाई मान्यता दिइनेछ ।

५. एक पटक पेश भएको सिलवन्दी दरभाऊ पत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

६. सिलवन्दी दरभाऊ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ ।

७. आफुले खरिद गरेको सिलवन्दी दरभाऊ पत्र सम्वन्धित फर्मलेनै बुझाउनु पर्नेछ । रित नपुगेको वा म्याद नाघी प्राप्त सिलवन्दी दरभाऊ पत्रलाई मान्यता दिइनेछैन ।

८. माथी उल्लेखित भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, स्थानिय निकास आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ र प्रचलित ऐन कानुन बमोजिम हूनेछ ।

| दरभाऊ पत्र नम्बर | कामको विवरण | लागत अनुमान (मु.अकर बाहेक) | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|
| १।२०७२।२०७३ | विभिन्न साईजको ह्युम पाईप खरिद गर्ने कार्य | ८३०,५०५।- | २५,०००।- | |
| २।२०७२।२०७३ | विभिन्न साईजको फेब्रिकेशन तारजालि खरिद गर्ने कार्य | ४४१,१५३।- | १३,५००।- | |

२०७२।८।६

विमल कुमार पोखरेल
कार्यकारी अधिकृत
निजगढ नगरपालिका